# जातिवाद विरोधी नीति

शिक्षा समिति र सिराक्युस सिटी स्कुल डिस्ट्रिक्ट (Syracuse City School District) ले डिस्ट्रिक्टको मिसन, भिजन, मुल्य, लक्ष्यहरूका लागि विनाशकारीको रूपमा हेर्दछ र सबै खालका जातिवादलाई अस्वीकार गर्दछ। यस नीतिको उद्देश्य अन्य सम्बन्धित समितिको नीतिहरूको साथ मिली डिस्ट्रिक्टबाट सबै किसिमका जातिवाद अन्त्य गर्नु हो।

समिति निम्न लिखित सिद्धान्तहरूमा प्रतिबद्ध छ:

1. जातीय भेदभावबाट आएका कार्य, निर्णय र परिणामहरूलाई सम्बोधन गर्ने, हटाउने र रोक्ने सामूहिक जिम्मेवारी साझा गर्ने स्कुल समुदाय स्थापना गर्ने र कायम गर्ने।
2. असमान व्यवहारलाई हटाउने र विद्यार्थीको सफलतामा जाति, वर्ग वा लिङ्ग जस्ता सामाजिक वा सांस्कृतिक कारकहरूको पूर्वानुमानित मूल्य-मान्यता समाप्त गर्न हरेक बच्चाको अद्वितीय उपहार, प्रतिभार रुचिहरूको संवर्धन गर्ने।
3. स्कुल डिस्ट्रिक्टको मिसन, दृष्टिकोण, मूल्य-मान्यता, लक्ष्य र उद्देश्यहरूलाई समर्थन गर्न सबै समुदायका सदस्यहरूको विविधता र जीवन अनुभवहरूको सम्मान र समर्थन गर्ने।
4. यो 3420 गैर-भेदभाव र उत्पीडन विरोधी नीतिमा सन्दर्भित सुरक्षात्मक वर्गहरू लगायत यसमा मात्र सीमित नभएर जातिवादलाई अक्सर भेदभावको अन्य रूपबाट जटिल बनाइन्छ भन्ने स्वीकार गर्ने।
5. डिस्ट्रिक्टमा विद्यार्थीहरूको जातीय जनसाङ्ख्यिकी र डिस्ट्रिक्टले राख्ने कर्मचारीका बीचको असमानतालाई कम गर्ने।
6. ग्रेजुएसन दर, उन्नत वा द्रुत शैक्षिक अवसरहरू, पाठ्यक्रममा सहभागिता, अतिरिक्त पाठ्यक्रमका गतिविधिहरू, विशेष शिक्षा पहिचान, मानकीकृत परीक्षा स्कोर र निलम्बन दरहरू लगायत विद्यार्थीको शैक्षिक कार्यप्रदर्शन, उपलब र शैक्षिक कार्यक्रमहरूमा सहभागितामा जातीय समूहहरू बीच असमानता हटाउने।